सधै र सबैको लागि खबर खोज्ने अभियान

खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्किनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

♦ वर्ष १० ♦ अंक २६ ♦ २०८३ साल कार्तिक १८ बुधवार ♦ 4 Nov 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विश्वासको मत लिन मुख्यमन्त्री यादवलाई समयसीमाको दबाब

खबर दर्पण समाचारदाता

कार्तिक १७ गते, बर्दिवास

मधेश प्रदेशका अल्पमतमा परेका मुख्यमन्त्री कृष्णप्रसाद यादवले विश्वासको मत लिनुपर्ने समय ११ दिन मात्र बाँकी र हँदा पनि प्रदेशसभा बैठक आह्वानका लागि कुनै जानकारी नआएको सभामुख रामआशिष यादवले बताएका छन् ।

मुख्यमन्त्री यादवले कात्तिक २९ गतेभित्र प्रदेशसभाबाट विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्था भए पनि बैठक सञ्चालन र विश्वासको मत लिने मितिबारे आफूलाई अहिलेसम्म औपचारिक जानकारी नआएको सभामुख यादवले बताए ।

'विश्वासको मत उहाँले २९ गतेभित्र लिनुपर्ने हुन्छ । कुन दिन लिने भन्नेबारे अहिलेसम्म मलाई जानकारी आएको छैन । उहाँले दुई दिनअगावै जानकारी गराउनुपर्ने हुन्छ । त्यसपछि हामीले सभाको प्रक्रिया अघि बढाउने हो,' सभामुख यादवले भने ।



उनका अनुसार मुख्यमन्त्रीले विश्वासको मत जुटाउन अन्य राजनीतिक दलसँग परामर्श र छलफल गरिरहेको हुन सक्छन् । मन्त्रिपरिषद् बैठकबाट विश्वासको मत लिने निर्णय भएपछि प्रदेशसभामा औपचारिक पत्र प्राप्त हुने र त्यसपछि सभाको प्रक्रिया अघि बढाइने उनले बताए ।

गत असोज ३० गते नेकपा एमाले तीनदलीय गठबन्धन सर कारबाट बाहिरिएपछि मधेश प्रदेश सरकार अल्पमतमा परेको हो । यद्यपि, नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले भने सरकारलाई दिएको समर्थन फिर्ता लिएको छैन । संवैधानिक व्यवस्थाअनुसार मुख्यमन्त्री यादवले कात्तिक २९ गतेभित्र प्रदेशसभाबाट विश्वासको मत लिनुपर्नेछ ।

मुख्यमन्त्री यादवले पनि विश्वासको मत लिने समय बाँकी रहेकाले विभिन्न राजनीतिक दलसँग औपचारिक तथा अनौपचारिक छलफल भइर हेको बताएका छन् । निर्धारित समयभित्र राजनीतिक परिस्थिति आफ्नो पक्षमा आउने आशा व्यक्त गर्दै उनले सहमतिको प्रयास जारी रहेको बताए ।

'संवैधानिक व्यवस्थाअनुसार विश्वासको मत लिनैपर्छ । समय बाँकी छ, सहमतिको प्रयास गर्दैछौं,' उनले भने ।

१०७ सदस्यीय मधेश प्रदेशसभामा सरकारलाई बहुमत सिद्ध गर्न कम्तीमा ५४ सांसदको समर्थन आवश्यक पर्छ । प्रदेशसभामा नेपाली कांग्रेसका २२, नेकपा एमालेका २३, जनता समाजवादी पार्टी (जसपा) नेपालका २७, नेपाली कम्युनिस्ट पार्टीका १५ र जनमत पार्टीका १२ सांसद छन् । त्यस्तै, संघीय समाजवादी पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका एक-एक सांसद छन् ।

मुख्यमन्त्री यादवले निर्धारित समयभित्र विश्वासको मत लिन आवश्यक सांसदको समर्थन जुटाउन नसके राजीनामा दिनुपर्ने अवस्था पनि आउन सक्ने राजनीतिक वृत्तमा चर्चा छ । तर, मुख्यमन्त्रीले भने अन्तिम समयसम्म सहमति जुटाउने प्रयास जारी राख्ने बताएका छन् ।

पर्वसँगै बढ्यो बाँस र माटाका सामग्रीको कारोबार,बजार व्यवस्थापनमा समस्या





धर्वेन्द्रकुमार यादव 'यदुवंशी'

कार्तिक १७ गते, महोत्तरी

तिहार तथा छठ पर्व नजिकिएसँगै महोत्तरीको औरही बजारमा बाँस र माटाबाट बनेका परम्परागत सामग्रीको माग बढेको छ। मैथिल समुदायको धार्मिक तथा सांस्कृतिक परम्परासँग जोडिएका यस्ता सामग्रीको प्रयोग पर्वका बेला बढी हुने भएकाले बजार मा खरिदबिक्री बढेको हो। तर , व्यापारिक चहलपहल बढे पनि व्यवस्थित बिक्रीस्थल, पार्किङ र सरसफाइको अभावमा व्यापारी तथा सर्वसाधारणले सास्ती खेप्नुपरेको छ।

तिहार र छठ पर्वमा पूजाआजा तथा धार्मिक अनुष्ठानका लागि बाँसबाट बनेका छिटी, डाली, कनसुपा, नाङ्लो, चाल्नो र पङ्गालगायत सामग्रीको प्रयोग हुन्छ। त्यस्तै, माटाबाट बनेका दियो, पाला र घैँटोलगायत सामग्रीको पनि माग बढ्ने गरेको छ। पर्व नजिकिएसँगै और ही नगरपालिका-१ स्थित और ही बजारमा यस्ता सामग्री बिक्री गर्ने व्यापारी र खरिदकर्ताको चहलपहल बढेको छ।

माटाका सामग्री बिक्री गर्दै आउनुभएकी सावित्री देवीले पर्वका बेला माग बढ्ने भए पनि बजारमा सामान राखेर बिक्री गर्ने उपयुक्त स्थान नहुँदा सडक किनारमै व्यापार गर्नुपरेको बताउनुभयो। व्यवस्थित बजार को अभावमा व्यापारीले विभिन्न कठिनाइ भोग्नुपरेको उहाँको भनाइ छ।

त्यस्तै, बाँसका सामग्री बिक्री गर्दै आउनुभएका चन्देश्वर मण्डलले पनि छुट्टै बिक्रीस्थल नहुँदा सडक किनारमा सामान राख्नुपर्ने बाध्यता रहेको बताउनुभयो। सडकमा सवारीसाधनको आवागमन, धुलो र मानिसको भीडले व्यापार गर्न कठिनाइ हुने गरेको उहाँले बताउनुभयो।

व्यापारीहरूका अनुसार सडक किनारमा सामान राखेर व्यापार गरेबापत ठेकेदारले शुल्क उठाउने गरे पनि बजारको सर सफाइमा भने ध्यान दिइएको छैन। शुल्क तिर्नुपरे पनि नियमित सरसफाइ नहुँदा व्यापारी आफैँले सडक तथा आसपासको क्षेत्र सफा गर्नुपर्ने अवस्था रहेको उनीहरूको गुनासो छ। शुल्क

बाँकी पृष्ठ ३ मा

खबर दर्पण
राष्ट्रिय दैनिक

बालविवाह अन्त्यका लागि जनकपुरधाममा सामुदायिक सचेतना तथा पैरवी कार्यक्रम

खबर दर्पण समाचारदाता

कार्तिक १७ गते, बर्दिवास

बालविवाह अन्त्य गर्ने उद्देश्यले मधेश प्रदेशको राजधानी जनकपुरधाममा सामुदायिक सचेतना तथा पैरवी कार्यक्रम सम्पन्न भएको छ।

नेपाल मुस्लिम महिला कल्याण समाज (एनएमडब्लूडब्ल्यूएस) को आयोजनामा सम्पन्न कार्यक्रममा मधेश प्रदेशका विभिन्न सरकारी निकायका प्रतिनिधि, नागरिक समाज तथा सरोकारवाला संघसंस्थाका प्रतिनिधिसहित ४७ जनाको सहभागिता रहेको थियो।

Equality Now को सहयोग तथा ESCRNN को समन्वयमा नेपाल मुस्लिम महिला कल्याण समाजकी अध्यक्ष सीमा खानको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जनकपुर धाम उपमहानगरपालिकाकी उपप्रमुख किशोरी साह प्रमुख अतिथिका रूपमा सहभागी हुनुभएको थियो। कार्यक्रममा जनकपुरधाम उपमहानगर पालिका-१४ का वडाध्यक्ष पुण्यप्रताप यादव तथा राष्ट्रिय मानव अधिकार आयोग, मधेश प्रदेशकी अधिकृत कुमारी शर्मालगायतको उपस्थिति रहेको थियो।

कार्यक्रममा देवका केसीले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभएको थियो। लेखक तथा अनुसन्धानकर्ता रीता साहले कार्यक्रमको सहजीकरण गर्नुभएको थियो।

कार्यक्रममा सहजीकर्ता साहले मधेश प्रदेशमा बालविवाहको अवस्था, यसबाट उत्पन्न समस्या तथा चुनौती, कानुनी जटिलता र बालविवाह अन्त्यका लागि सरोकारवाला निकायको भूमिकाबारे प्रस्तुतीकरण गर्नुभएको थियो।

सहभागीहरूलाई विभिन्न समूहमा विभाजन गरी बालविवाह अन्त्यका लागि विद्यमान कानुनी संरचनामा आवश्यक सुधार, बालविवाहका असर तथा प्रभाव र मधेश प्रदेशमा बालविवाह कायम र हनुका कारणबारे समूहगत छलफल तथा अभ्याससमेत गराइएको थियो। करिब तीन घण्टासम्म सञ्चालन भएको कार्यक्रममा सहभागीहरूले बालविवाह रोकथामका उपाय र आगामी दिनमा अपनाउनुपर्ने रणनीतिबारे आ-आफ्ना धारणा तथा सुझाव प्रस्तुत गरेका थिए।

कार्यक्रममा नेपाल पत्रकार महासंघ, धनुषाका अध्यक्ष पुरण गुप्ताले पछिल्लो समय किशोरकिशोरीहरू आपसी सहमतिमा घरबाट भागेर विवाह गर्ने प्रवृत्ति बढ्दै गएको बताउनुभयो। यस्तो प्रवृत्तिले किशोरकिशोरीको शिक्षा, स्वास्थ्य र भविष्यमा नकारात्मक असर पार्न सक्ने उल्लेख गर्दै उहाँले बालविवाह अन्त्यका लागि कानुनी व्यवस्थाको कार्यान्वयनसँगै सामाजिक सोच र व्यवहारमा परिवर्तन ल्याउने अभियान आवश्यक रहेको बताउनुभयो।

त्यसैगरी राष्ट्रिय मानव अधिकार आयोग, मधेश प्रदेशकी अधिकृत कुमारी शर्माले बालविवाह राष्ट्रिय समस्याका रूपमा रहेको उल्लेख गर्दै यसको रोकथाममा समुदायको भूमिका महत्वपूर्ण हुने बताउनुभयो। बालविवाह



अन्त्यका लागि सरकारी निकाय, नागरिक समाज र समुदायबीच समन्वय तथा सहकार्य आवश्यक रहेको उहाँको भनाइ थियो।

जनकपुरधाम उपमहानगर पालिका-१४ का वडाध्यक्ष पुण्यप्रताप यादवले आफ्नो वडामा बालविवाह रोकथामका लागि जिम्मेवारीपूर्वक काम गर्दै आएको जानकारी दिनुभयो। उहाँले आफ्नो कार्यकालमा हालसम्म सातवटा बालविवाह हुनबाट रोकिएको बताउँदै आगामी दिनमा पनि वडा तहमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरी बालविवाह अन्त्यका लागि निरन्तर पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

कार्यक्रमकी प्रमुख अतिथि उपप्रमुख किशोरी साहले बालविवाह अन्त्यका लागि सर्वप्रथम सामाजिक सोच र व्यवहारमा परिवर्तन ल्याउनुपर्नेमा जोड दिनुभयो। स्थानीय तहबाट समुदायस्तरमा सडक नाटक तथा अन्य सचेतनामूलक माध्यममार्फत बालविवाहविरुद्ध अभियान सञ्चालन हुँदै आएको उल्लेख गर्दै उहाँले यस्ता कार्यक्रमले समाजमा सकारात्मक चेतना अभिवृद्धि गर्न सहयोग पुग्ने बताउनुभयो।

कार्यक्रमकी अध्यक्ष सीमा खानले सहभागीहरूलाई धन्यवाद ज्ञापन गर्दै बालविवाह अन्त्यका लागि नेपाल सरकार ले राष्ट्रिय रणनीति अवलम्बन गरेको बताउनुभयो। बालविवाहमुक्त समाज निर्माण गर्न सरकार, स्थानीय तह, नागरिक समाज र समुदायका सबै पक्ष एकजुट भएर अघि बढ्नुपर्ने उल्लेख गर्दै उहाँले यस अभियानमा सबैको सक्रिय सहभागिता र प्रतिबद्धता आवश्यक रहेको बताउनुभयो।

कार्यक्रमको समापनपछि बालविवाहविरुद्ध जनचेतनामूलक र्‍याली निकालिएको थियो। साथै नुक्कड नाटक मार्फत बालविवाहका कारण उत्पन्न हुने जोखिम तथा यसले किशोरकिशोरीको शिक्षा, स्वास्थ्य र भविष्यमा पार्ने नकारात्मक प्रभावलाई कलात्मक रूपमा प्रस्तुत गरिएको थियो।

बालविवाह सामाजिक कुरीतिका रूपमा अझै कायम रहेकाले यसको अन्त्यका लागि कानुनी प्रावधानको प्रभावकारी कार्यान्वयनसँगै समुदायस्तरमा निरन्तर सचेतना आवश्यक देखिएको छ। समुदाय, स्थानीय सरकार तथा सरोकारवाला निकायबीच साझा बुझाइ, सहकार्य र प्रतिबद्धता विकास गर्न कार्यक्रमले महत्वपूर्ण योगदान पुर्‍याउने अपेक्षा गरिएको छ।

जलवायु वित्तमा पहुँच विस्तार गर्न क्षमता अभिवृद्धि तालिम

खबर दर्पण समाचारदाता

कार्तिक १७ गते, बर्दिवास

जलवायु परिवर्तनका असर न्यूनीकरण तथा जलवायु वित्तमा पहुँच विस्तार गर्ने उद्देश्यले मधेश प्रदेशका सरोकारवालाका लागि सञ्चालन गरिएको तीनदिने क्षमता अभिवृद्धि तालिम सम्पन्न भएको छ। ग्रिन क्लाइमेट फन्ड (हरित जलवायु कोष) को रेडिनेस कार्यक्रमअन्तर्गत धनुषाको लालगढमा तालिम सञ्चालन भएको थियो। अन्तर्राष्ट्रिय प्रकृति संरक्षण सङ्घ (आईयूसीएन) नेपालका कार्यक्रम व्यवस्थापक अमित पौडेलले जलवायु वित्तमा पहुँच बढाउन प्रदेशस्तरका सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले तालिम आयोजना गरिएको जानकारी दिनुभयो।

उहाँका अनुसार तालिममा जलवायु कोषबाट वित्तीय स्रोत प्राप्त गर्न आवश्यक परियोजना प्रस्ताव तयार गर्ने, जलवायु परिवर्तनसँग परियोजनाको सम्बन्ध पुष्टि गर्ने तथा प्रस्ताव पेस गर्दा पूरा गर्नुपर्ने मापदण्ड र प्रक्रियाबारे प्रशिक्षण दिइएको थियो। जलवायु वित्त प्राप्त गर्न परियोजनाले जलवायु परिवर्तनका असर न्यूनीकरण वा अनुकूलनमा कसरी योगदान पुर्‍याउन सकिन्छ भन्ने विषयमा तालिम केन्द्रीत रहेको उहाँले बताउनुभयो।

पौडेलले जलवायु परिवर्तनका असर न्यूनीकरण, अनुकूलन तथा वातावरणीय संरक्षणका क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकायलाई अन्तर्राष्ट्रिय जलवायु वित्तमा पहुँच स्थापित गर्न सक्षम बनाउने अपेक्षासहित तालिम आयोजना गरिएको जानकारी दिनुभयो।

तालिमकी सहभागी चुरे उत्थानशील आयोजना मधेश प्रदेशकी कृषि अधिकृत वर्षा पौडेलले जलवायु वित्तसम्बन्धी तालिम आफ्नो करियरकै पहिलो अनुभव भएको बताउनुभयो। उहाँले तीनदिने तालिमबाट अन्तर्राष्ट्रिय जलवायु कोषको स्रोत कसरी प्राप्त गर्ने, परियोजना प्रस्ताव कसरी तयार गर्ने र प्राप्त रकमको उपयोग तथा जवाफदेहितासम्बन्धी विषयमा व्यावहारिक ज्ञान हासिल भएको बताउनुभयो। जलवायु वित्तका लागि आवश्यक सम्भाव्यता पहिचान, कागजात तयारी तथा परियोजनाको उद्देश्य र कार्ययोजना प्रभावकारी रूपमा प्रस्तुत गर्ने तरिकाबारे पनि जानकारी पाएको उहाँले बताउनुभयो।

प्रदेश वन निर्देशनालय मधेश प्रदेशका वन अधिकृत लालबाबु यादवले जलवायु परिवर्तनका असर सम्बोधन गर्न सक्ने परियोजना पहिचान र प्रस्ताव लेखनसम्बन्धी सीप विकास गर्नु तालिमको मुख्य उद्देश्य रहेको उहाँले उल्लेख गर्नुभयो।त्यस्तै, सबडिभिजन वन कार्यालय मिर्चैयाकी वन अधिकृत अम्रिता रौनियारले जलवायु वित्तबारे सैद्धान्तिक जानकारी भए पनि यसको व्यावहारिक पक्ष बुझ्ने अवसर तालिमबाट प्राप्त भएको बताउनुभयो।

आयोजित तालिममा प्रदेश तथा स्थानीय तहका विभिन्न निकायका प्रतिनिधि, वन तथा वातावरण क्षेत्रका कर्मचारी, कृषि क्षेत्रका प्रतिनिधि, सामुदायिक वन उपभोक्ता महासङ्घ, उद्योग वाणिज्य सङ्घ तथा पत्रकारको सहभागिता रहेको थियो।

☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

जनकपुर

धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि.	५२५८००
जनपा वारुण यन्त्र	५२००११
एम्बुलेन्स (सरोज फाउण्डेशन)	५२२८०६
एम्बुलेन्स (मारवाडी सेवा समिति)	–५२२७६२, ५२१७८४
एम्बुलेन्स (जानकी मेडिकल कलेज)	–५२६०९०, ५२६०९१
महाविर युवा कमिटी ऐंबुलेंस्	२५९८०
कृष्णा नर्सिंग होम	५२१९१८
जनकपुर मेडिकल सेन्टर	५२०७१४
जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर	५२३३२८
जनकपुर रेल्वे	५२०२११
आँखा अस्पताल	५२०३९७
जनकपुर सुरक्षा गुल्म	५२०१८६/५२६५८६
प्रहरी	५२००९९
एम्बुलेन्स रेडक्रस	१०२
जनकपुर अञ्चल अस्पताल	५२००३३
बच्चा प्रसुति सेवा केन्द्र	५२२४५७
विद्युत फ्युज शाखा	५२०१५१
बुद्ध एयर	५२५०२२
गोर्खा एयर	५२१२९४
सीता एयर	५२५९९०
जानकी केबल टिभी नेटवर्क	५२३७२८

वर्दिवास

बर्दिवास अस्पताल	५५००९०
ट्राफीक प्रहरी	५५००५५
छिन्नमस्ता सशस्त्र प्रहरी गण	५५०४०४
जिल्ला खानेपानि (गौरी डाडाँ)	५५०००५
ढल्केवर (नो लाईट)	०४१-५६००६८
सुरक्षा क्याम (रेडियो नेपाल)	५५००२३
बर्दिवास नगरपालिका	५५००३१
खानेपानि कार्यालय	५५०११०
प्रहरी	५२०१९९
प्रहरी	५२००९९
बर्दिवास दुरसञ्चार	५५००००
पारिजात स्मृति अस्पताल	५५०३७२
नेपाल परिवार नियोजन संघ	५५०१०७
इलाका प्रहरी कार्यलय वर्दिवास	५५०००६
खानेपानी बर्दिवास	५५०१४३
रेडक्रस एम्बुलेन्स	५२०१००
मेरी स्टोप्स सेन्टर	५५०१२६
शुभ स्वस्तिक हस्पिटल	५५०२५५
जनसेवा हस्पिटल	५५०४०६
बर्दिवास आँखा अस्पताल	५५०४७७
इलाका प्रशासन कार्यालय वर्दिवास	५५०६६८
IRDS समाज सहकारी अस्पताल	५५०४०१

ढल्केवर

खानेपानी	९८२४८०५९५०
इलाका प्रहरी कार्यालय	०४१-५६०१००
प्रहरी	५२००९९
विद्युत फ्युज शाखा	०४१-५६०१६८
एम्बुलेन्स	९८०४८६७५५४
एम्बुलेन्स	९८१५८३२०३२
ओम शान्ति पोलिक्लिनिक	०४१-५६०१५२

जलेश्वर

अस्पताल	५२००७०
प्रहरी	५२०००९
अस्थायी प्रहरी चौकी भीठामोड	५२०२०९
एम्बुलेन्स	५२०१००
विद्युत्	५२००६६
विद्युत्	५२०११६

महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

खबर दर्पण
राष्ट्रिय दैनिक

पर्वसँगै बढ्यो बाँस र माटाका सामग्रीको कारोबार,बजार.....

उठाउने निकायले सरसफाइ र बजार व्यवस्थापनको जिम्मेवारी समेत पूरा गर्नुपर्ने उनीहरूको माग छ।

औरही नगरपालिका-१ का स्थानीय रामवरण मण्डलले बजार अव्यवस्थित हुँदा सर्वसाधारणको आवागमनमा समेत समस्या हुने गरेको बताउनुभयो। औरही बजारमा हरेक मङ्गलबार र शुक्रबार हाट लाग्ने गरेको छ। हाटका दिन सडक किनारमा पसल राखिनुका साथै सवारीसाधनसमेत सडक आसपासमै पार्किङ गरिँदा आवागमन प्रभावित हुने गरेको उहाँले बताउनुभयो। बजारको अव्यवस्थाका कारण कतिपय अवस्थामा घर पुग्नसमेत करिब एक किलोमिटर घुम्नुपर्ने अवस्था आउने गरेको उहाँको भनाइ छ।

औरही बजारको व्यवस्थापनको जिम्मेवारी श्री प्रसाद सिंह नमुना माध्यमिक विद्यालयको मातहतमा छ। औरही नगर पालिका-२ मा रहेको उक्त विद्यालयको नाममा दर्ता भएको करिब २८ कट्ठा जग्गामा बजार सञ्चालन हुँदै आएको छ। विद्यालयले उक्त जग्गा ठेक्कामा लगाएर बजार सञ्चालन गर्दै आएको भए पनि व्यवस्थापन पक्ष भने कमजोर रहेको स्थानीयको गुनासो छ।

विद्यालयको जग्गामा बजार सञ्चालन भए पनि गाउँतर्फ जाने सडक बजार क्षेत्रबाहिर पर्छ। बजारमा पर्याप्त बिक्रीस्थल नहुँदा व्यापारीले उक्त सडकको किनार तथा छेउछाउमा समेत सामान राख्ने गरेका छन्। यसले पैदलयात्रु र सवारीसाधनको आवागमनमा थप समस्या सिर्जना गरेको स्थानीय बताउँछन्। व्यवस्थित पार्किङको व्यवस्था नहुँदा बजारका व्यापारिक गतिविधि र सवारीसाधन सडकसम्म फैलिने गरेका छन्।

स्थानीयका अनुसार विद्यालयले बजार ठेक्काबाट प्राप्त हुने र कममध्ये २५ प्रतिशत बजार व्यवस्थापनमा खर्च गर्ने प्रतिबद्धता जनाएको थियो। तर, उक्त रकम हालसम्म व्यवस्थापनमा खर्च भएको आफूहरूले नदेखेको रामवरण मण्डलले बताउनुभयो। बजार व्यवस्थापनका लागि छुट्याइएको रकम कहाँ र कसरी खर्च भइरहेको छ भन्ने विषयमा पार दर्शिता आवश्यक रहेको उहाँको भनाइ छ।

बजार व्यवस्थापनमा विद्यालय प्रशासन, स्थानीय जनप्रतिनिधि, राजनीतिक दल, सामाजिक अगुवा, उद्योग वाणिज्य सङ्घ तथा युवाहरूले पर्याप्त चासो नदिँदा बजार थप अव्यवस्थित बन्दै गएको स्थानीयको आरोप छ। व्यवस्थित बिक्रीस्थल, पार्किङ, नियमित सरसफाइ र सडक आवागमन सहज बनाउने व्यवस्था नहुँदा व्यापारी र सर्वसाधारण दुवै प्रभावित भएका छन्।

यता, विद्यालय प्रशासनले बजार को अव्यवस्थित अवस्थाबारे आफूहरू जानकार रहेको जनाएको छ। विद्यालय प्रशासनका अनुसार बजार व्यवस्थापनका लागि आवश्यक प्रक्रिया अघि बढाइनेछ। ठेक्काबाट प्राप्त रकममध्ये व्यवस्थापनका लागि छुट्याइएको २५ प्रतिशत रकम विद्यालय व्यवस्थापन समितिको बैठकबाट निर्णय गराएर खर्च गरिने र आवश्यक निर्णय गरी व्यवस्थापनको काम अगाडि बढाइने प्रशासनको भनाइ छ।



तिहार र छठजस्ता महत्त्वपूर्ण पर्वका बेला परम्परागत बाँस तथा माटाका सामग्रीको माग बढ्ने भएकाले बजारमा व्यापारी र ग्राहकको चाप पनि बढ्ने गरेको छ। यस्तो अवस्थामा बजारलाई व्यवस्थित बनाउन निश्चित बिक्रीस्थल निर्धारण, सवारीसाधनका लागि पार्किङ, नियमित सरसफाइ र गाउँ जाने सडकलाई अवरोधरहित बनाउनुपर्ने स्थानीयको माग छ। बजारबाट शुल्क उठाउने निकायले त्यसअनुसार आवश्यक सुविधा र व्यवस्थापनको जिम्मेवारी पनि पूरा गर्नुपर्ने व्यापारी तथा स्थानीयवासीको भनाइ छ। बजार व्यवस्थापन प्रभावकारी बनाउन सके परम्परागत सामग्रीको व्यापार प्रवर्द्धन हुनुका साथै सर्वसाधारणको आवागमनसमेत सहज हुने उनीहरूको अपेक्षा छ।

सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार

मटिहानी नगरपालिका, महोत्तरी

सर्पको टोकाइबाट बचौं र बचाऔं

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगाएर खाटमा सुत्ने गरौं।

औरही नगरपालिका, महोत्तरी

मधेस प्रदेश सरकार
श्रम तथा यातायात मन्त्रालय
यातायात व्यवस्था कार्यालय
बर्दिवास महोत्तरी नेपाल

सुचना सुचना सुचना

समयमा सवारी कर तिरी ट्राफिक जरिवानाबाट बचौं ।
सभ्य नागरिकको परिचय दिऔं ।

यातायात व्यवस्था कार्यालय, वर्दिवास, महोत्तरी

डेंगुबाट कसरी बच्ने?



डेंगुको उपचार के ?



डेंगु विरुद्धको कुनै औषधि नै बनेको छैन ।
डेंगु लाग्दा चिकित्सकको उच्च निगरानीमा बस्नुको विकल्प नै छैन ।
डेंगु लाग्दा मनलाग्दी औषधि सेवन गर्नुहुन्न ।
एन्टिबायोटिकको प्रयोग भनै घातक हुन सक्छ ।

जलेश्वर नगरपालिका, महोत्तरी

सचेत उपभोक्ता बनौं

सामान खरिद गर्दा देहायका बिषय एकिन गरौः

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

सामान खरिद गर्दा सकेसम्म बैंकिङ माध्यमबाट भुक्तानी गरौं
भुक्तानी गरेको मूल्य बराबरको विल लिऔं

गौडाला नगरपालिका, महोत्तरी

स्वच्छ शहरः स्वस्थ शहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट-बिरुवा तथा फलफूलको संरक्षण गरौं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

शहरलाई सफा राखौः सुन्दर बनाऔं।

रामगोपालपुर नगरपालिका, महोत्तरी

जिल्लास्तरीय स्वास्थ्य मूल्यांकनमा मटिहानीको दोस्रो स्थान कायमै

खबर दर्पण समाचारदाता

कार्तिक १७ गते, बर्दिवास

महोत्तरीको मटिहानी नगरपालिका जिल्लास्तरीय स्वास्थ्य कार्यक्रमको वार्षिक मूल्यांकनमा लगातार तेस्रो वर्ष पनि दोस्रो स्थान हासिल गर्न सफल भएको छ । स्वास्थ्य कार्यक्रमको कार्यान्वयन, सेवा प्रवाह तथा व्यवस्थापनमा गरेको कार्यसम्पादनका आधार मा नगरपालिकाले उक्त उपलब्धि हासिल गरेको हो ।

स्वास्थ्य कार्यालय महोत्तरी, जलेश्वरले २०८३ कात्तिक १२ र १३ गते आयोजना गरेको आर्थिक वर्ष २०८२/८३ को स्वास्थ्य कार्यक्रमको वार्षिक समीक्षामा मटिहानी नगरपालिकाले ७८.२ अङ्क प्राप्त गर्दै दोस्रो स्थान हासिल गरेको हो । समीक्षामा ७८.५ अङ्क प्राप्त गरेको मनराशिसवा नगरपालिका पहिलो भएको थियो । दुवै नगरपालिकाबीचको अङ्क अन्तर ०.३ मात्र रहेको छ ।

लगातार तीन वर्षसम्म जिल्लामा दोस्रो स्थान कायम राख्नुलाई नगरपालिकाले स्वास्थ्य सेवाको पहुँच विस्तार, पूर्वाधार विकास र कार्यक्रम कार्यान्वयनमा गरेको निरन्तर प्रयासको उपलब्धिका रूपमा लिएको छ।

स्वास्थ्य संस्थाको पहुँच विस्तार

मटिहानी नगरपालिकामा हाल चार वटा स्वास्थ्य चौकी, पाँच वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र, दुई वटा प्रसूति गृह र दुई वटा प्रयोगशाला सञ्चालनमा छन् । स्थानीय नागरिकलाई आफ्नै गाउँबस्ती नजिक स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले नगरपालिकाले स्वास्थ्य संस्थाको विस्तारसँगै पूर्वाधार, जनशक्ति, औषधि तथा स्वास्थ्य उपकरणको व्यवस्थापनमा जोड दिँदै आएको जनाएको छ ।

स्थानीय सरकार गठन भएपछि यसअघि सञ्चालनमा रहेका चार वटा स्वास्थ्य चौकीका अतिरिक्त पाँच वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइएको हो । सुरक्षित मातृत्व सेवालाई सहज बनाउन दुई वटा प्रसूति गृह र स्वास्थ्य परीक्षणको पहुँच विस्तार गर्न दुई वटा प्रयोगशाला सञ्चालनमा ल्याइएको नगरपालिकाले जनाएको छ ।

नगरपालिकाले स्वास्थ्य संस्थाको नियमित सञ्चालन, आवश्यक जनशक्ति व्यवस्थापन तथा औषधि र उपकरणको उपलब्धतामार्फत नागरिकलाई आधारभूत स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ ।

खोप तथा मातृशिशु स्वास्थ्य कार्यक्रमको मूल्यांकन

स्वास्थ्य कार्यालय महोत्तरीले गरेको वार्षिक समीक्षामा जिल्लाका स्थानीय तहमा सञ्चालित स्वास्थ्य कार्यक्रमको प्रगति, उपलब्धि र कार्यसम्पादनको मूल्यांकन गरिएको थियो । नियमित खोप, पोषण, परिवार नियोजन, मातृ तथा नवजात शिशु स्वास्थ्यलगायत कार्यक्रमको कार्यान्वयन अवस्था र नतिजाका आधारमा स्थानीय तहलाई अङ्क प्रदान गरिएको स्वास्थ्य कार्यालयले जनाएको छ ।

मूल्यांकनमा दोस्रो स्थान हासिल गरेको मटिहानी नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख जनस्वास्थ्य अधिकृत पवनकुमार मण्डललाई टीका, माला तथा प्रमाणपत्रसहित सम्मान गरिएको थियो ।

स्वास्थ्यकर्मीलाई सम्मान

यस उपलब्धिको अवसरमा मटिहानी नगर कार्यपालिकाको कार्यालय धिरापुरमा आयोजित कार्यक्रममा नगरप्रमुख हरि प्रसाद मण्डलले नगरपालिकाको स्वास्थ्य शाखा तथा नगरभित्र सञ्चालित स्वास्थ्य संस्थाका



प्रमुखलाई सम्मान गर्नुभएको छ ।

कार्यक्रममा नगरप्रमुख मण्डलले स्वास्थ्य क्षेत्रमा प्राप्त उपलब्धि कुनै एक व्यक्ति वा शाखाको मात्र नभई नगरपालिकाभित्र कार्यरत सम्पूर्ण स्वास्थ्यकर्मी, स्वास्थ्य संस्था प्रमुख तथा कर्मचारीको सामूहिक मेहनत, लगनशीलता र समर्पणको परिणाम भएको बताउनुभयो ।

स्थानीय सरकार गठन भएदेखि नै स्वास्थ्य सेवालाई प्राथमिकतामा राखेर स्वास्थ्य संस्थाको विस्तार, पूर्वाधार निर्माण, जनशक्ति व्यवस्थापन तथा औषधि र उपकरणको उपलब्धतामा विशेष ध्यान दिइएको उहाँले उल्लेख गर्नुभयो ।

नागरिकलाई सहज, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले आगामी दिनमा पनि स्वास्थ्य कार्यक्रमलाई थप प्रभावकारी बनाइने प्रतिबद्धता व्यक्त गर्दै नगरप्रमुख मण्डलले लगातार तीन वर्षसम्म जिल्लामा दोस्रो स्थान हासिल गर्नु नगरपालिकाका लागि गौरवको विषय भएको बताउनुभयो ।

उहाँले आगामी दिनमा यस उपलब्धिलाई कायम राख्दै अझ राम्रो नतिजा हासिल गर्न स्वास्थ्यकर्मीलाई जिम्मेवार र प्रतिबद्ध भएर काम गर्न आग्रह गर्नुभयो ।

लगातार तीन वर्षसम्म जिल्लास्तरीय मूल्यांकनमा दोस्रो स्थान हासिल गरेको मटिहानी नगरपालिकाको उपलब्धिले स्थानीय तहमा स्वास्थ्य सेवाको पहुँच विस्तार, संस्थागत सुदृढीकरण र नागरिकको स्वास्थ्यप्रति स्थानीय सरकारको सक्रियतालाई प्रतिबिम्बित गरेको छ ।

मादक पदार्थ नखाएर यात्रा गर्नुहोस् !

"सुरक्षित यात्रा गरौं - मादक पदार्थको सेवन गरेर गाडी चलाउँदा जीवनको जोखिम बढ्दछ!"

सवारी साधनमा सीट बेल्ट लगाउनुहोस!

"सुरक्षितमा सवारी चलाउनुहोस् - सीट बेल्ट लगाउनु होला, दुर्घटनामा ज्यान जोगाउन!"

गौशला नगरपालिका महोत्तरी

मादक पदार्थ नखाएर यात्रा गर्नुहोस् !

"सुरक्षित यात्रा गरौं - मादक पदार्थको सेवन गरेर गाडी चलाउँदा जीवनको जोखिम बढ्दछ!"

सवारी साधनमा सीट बेल्ट लगाउनुहोस!

"सुरक्षितमा सवारी चलाउनुहोस् - सीट बेल्ट लगाउनु होला, दुर्घटनामा ज्यान जोगाउन!"

मिथिला नगरपालिका धनुषा

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनी दर्ता खारेजी गरिएको सूचना

यस कार्यालयमा मिति २०६९।११।३० मा दर्ता भएको प्रा.लि.नं.११०४९२ भएको द एडभेन्चर एक्सपोर्ट (प्रा.ली.) नामको कम्पनी यस कार्यालयको मिति २०८३।०७।१६ निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनी दर्ता खारेजी गरिएको सूचना

यस कार्यालयमा मिति २०७८।०६।१८ मा दर्ता भएको प्रा.लि.नं.२७४३८३ भएको टेष्ट राइड (प्रा.ली.) नामको कम्पनी यस कार्यालयको मिति २०८३।०७।११ निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ बर्ष नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सै घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको स्पेनेट व्यवस्था भएको
- विभिन्न रोगहरूको विशेषज्ञ डाक्टरहरूद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा



शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिबास, महोत्तरी
044-550255

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२५८५)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,